# फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ - (दो.) रौतहट ।
मधेश प्रदेश, नेपाल ।

**तेलहन (तोरी) वाली उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना आव्हान को सूचना ।**

**(प्रथम पटक प्रकाशित सूचना २०७९/७/१६गते)**

यस फतुवा विजयपुर नगरपालिका कृषि शाखा बाट संचालन हुने वाली विकास तथा जैविक विविधता संरक्षण केन्द्र को वार्षिक शसर्त कार्यक्रम तर्फ को आ.व.२०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तोरी वाली उत्पादन प्रबर्द्धन कार्यक्रम को अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ यसै फतुवा विजयपुर नगरपालिका मा व्यवसायीक रुपमा कृषि कार्य गरिरहेका कृषि उदमी, कृषक समूह, कृषि सहकारी वन, जल उपभोक्ता समिति बाट दरखास्त आव्हान को लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन(मिति२०७९/०७/३०गते)भित्र कार्यालय मा तपशिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धि थप जानकारीका लागि फतुवा विजयपुर न.पा.को कृषि शाखामा सम्पर्क गर्न सकिने छ। प्रवर्द्धन कार्यक्रम संचालन को लागि ५०० (पाँच सय) हेक्टर तोरी उत्पादन हुने जमिनको आवस्यक पर्द छ।

तपशिल

| क्र.स. | कार्यक्रम को नाम | अधिकतम अनुदान | लक्षित सेवाग्राही | प्रस्ताव पेश गर्ने अवधी |
|---|---|---|---|---|
| १. | तोरी उत्पादन प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको नमर्स अनुसार | कृषि उदमी, कृषक समूह, कृषि सहकारी वन, जल उपभोक्ता समिति | मिति २०७९/०७/३० गते भित्र |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:-**

१.तोकिएको ढाँचा मा निवेदन रु.१० को टिकट सहित ।
२.समूह ,सस्था ,फर्म तथा उ,स.को सम्बन्धित निकायहरुमा नबिकरण भएको कर चुक्ता, लेखा परिक्षण प्रतिवेदन प्रमाणपत्रको प्रतिलिपि ।
३.प्रवर्द्धन कार्यक्रम संचालन हुने स्थान(जमिन)को स्वामित्व खुल्ने कागजात ।
४.निवेदकको नागरिताको प्रतिलिपि ।
५.संबन्धित संस्था ,समुहको निर्णय प्रतिलिपि ।
६.समूह/संस्था, फर्मको पान न.को प्रतिलिपि ।
७.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

२०७९/७/१६
शम्भु कुमार यादव
वि० प्रमुख प्रशासकीय अधिकृत

अनुदानका लागि आबेदन फारम

मिति :

श्रीमान् कार्यालय प्रमुख ज्यू ,
फतुवा बिजयपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
लक्ष्मीनिया (दो) रौतहट

बिषय : तेलहन (तोरी ) बालीको प्रवर्द्धन विकास कार्यक्रम स्थापना गरी पाउँ ।

प्रस्तुत बिषयमा फतुवा विजयपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय लक्ष्मीनिया (दो) रौतहट बाट मिति ............................मा प्रकाशित तेलहन तोरी बाली को प्रवर्द्धन विकास कार्यक्रम सम्बन्धि सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो समूह /सहकारी/जल/वन उपभोक्ता समिति /कृषि फर्म का सदस्यहरुले तेलहन तोरी बाली को प्रवर्द्धन विकास कार्यक्रम अन्तर्गत तोरी खेति कार्यक्रम संचालन गर्न इच्छुक भएकोले सहभागी गरिदिनु हुन् यो निवेदन पेश गरेका छु/छौ ।

| क्र.स. | कृषकको नाम | ठेगाना | बाबु/पतिको नाम | सम्पर्क न . | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निवेदक

.....................................